**प्रदेश सरकार**
उद्योग कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,**
**कोशी प्रदेश, पाँचथर**

फोन/इमेल/वेबसाइट
०२४-५२०१२७/०२४-५२०४६९
vhlspanchthar@gmail.com
web-vhlecpanchthar.p1.gov.np

# प्रस्ताव आव्हान सम्बन्धि सूचना

**सूचना नं. १-२०८०/०८१** ***प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०६/०४***

***प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०८०/०७/०३ गतेसम्म***

यस बिज्ञ केन्द्रको आ.व. ०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पाँचथर जिल्लामा देहाय बमोजिमको कार्यक्रमहरु कार्यान्वयनको लागि कृषि व्यवसाय प्रबर्द्धन नियमावली, २०७८ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ ले तोके बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम गर्नका लागि पाँचथर जिल्ला अर्न्तगतका इच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरको फोन नं.०२४-५२२१२७ वा मोवाइल नं.९८५२६६०१२७ मा सम्पर्क राख्नु हुन वा विज्ञ केन्द्रको वेवसाइटबाट http://vhlecpanchthar.p1.gov.np/ कार्यक्रम कार्यान्वयन सम्बन्धि ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ। एकपटक संघीय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजनाबाट एकैपटक पाँच लाख रुपैयाँ वा सो भन्दा बढी अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन बर्षसम्म कुनै अनुदान उपलब्ध गराइने छैन।

**कार्यक्रम विवरण**

| क.सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८ सँग सम्बन्धित बुँदा नं. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १. | व्यवसायिक भैसीपालन प्रवर्द्धन कार्यक्रम (१) | प्रति इकाई अधिकतम २० लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.१.३ | पशुपालन समूह/कृषि, पशुपालन सहकारी संस्था |
| २. | युवालक्षित पशु विकास कार्यक्रम (२०) | प्रति इकाई अधिकतम २ लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.६.१ | पशुपन्छीपालन फर्म/उद्योग/कम्पनी |
| ३. | दुध उत्पादनका आधारमा अनुदान(१ पटक) | दुध उत्पादन गर्ने कृषकहरुले दुध संकलन केन्द्रहरुमा बिक्री गरी प्रति लिटर रु २ मात्र। | परिच्छेद ४ को बुँदा न. ८ | सहकारी संस्था/संकलन केन्द्र/डेरी उद्योग |
| ४. | कृषि/पशु सहकारी संस्थाहरुसँगको सहकार्यमा व्यवसायिक पशुपालन कार्यक्रम (१) | प्रति इकाई अधिकतम ३० लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.६.२ | पशुपालन समूह/कृषि, पशुपालन सहकारी संस्था |
| ५. | बाखाको बृहत्तर पकेट प्याकेज कार्यक्रम मासुमा आत्मनिर्भर कार्यक्रम अर्न्तगत (१) | प्रति इकाई अधिकतम ३० लाख वा लागत रकमको ७५% | परिच्छेद ३ को बुँदा नं.६.७ | पशुपालन समूह/कृषि, पशुपालन सहकारी संस्था |

**आवेदन दस्तुर :**

एकल खाता रहेको बैंक शाखा : नेपाल बैंक लिमिटेड फिदिम शाखा

| कार्यालयको नाम | खाता नं. | कार्यालय कोड | राजश्व शीर्षक | राजश्व रकम |
|---|---|---|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर | २७००२०००००१००१०००००१ | ३१२०२०२०११ | १४२२९ | संस्थागत रु.२००, ५० लाख वा सो भन्दा बढी कूल लागत भएको अनुदानको लागि रु.५००।० |

वा यस कार्यालयबाट New RMIS मा नगदी रसिद काटेको भौचर।

## प्रस्तावसाथ संलग्न हुनु पर्ने कागजातहरु :

१.नेपाली नागरिकताको प्रतिलिपी

२. अनुदानग्राहीले अनुदानका लागि निवेदन पेश गर्दा निवेदन साथ सूचना प्रकाशन अगावै दर्ता भएको फर्म, उद्योग, कम्पनी, समूह/संस्था/सहकारी, स्थायी लेखा नं., करचुक्ता प्रमाण पत्र, लेखापरीक्षण प्रतिवेदन गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल, तथा लागत सहभागिता खुलेको प्रस्ताव।

४.सञ्चालित व्यवसाय/कार्यक्रम सञ्चालन स्थलको रङ्गीन फोटोहरु।

५.जग्गा भाडामा भए १० बर्षको भाडाको संझौताको प्रमाणपत्र तथा धनिपुर्जाको प्रतिलिपी (एकाघरको परिवारको मन्जुरीनामा सहित मालपोत तिरेको रसिद र जग्गाधनिको नागरिकताको प्रतिलिपी)।

६.समूह/समिति/सहकारी/साझेदार फर्मको हकमा कार्यसमिति, सञ्चालक समितिको बैठकको निर्णको प्रतिलिपी र कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी।

७.लागत साझेदारी गर्ने रकमको श्रोत/बैंक स्टेटमेन्ट/वित्तिय संस्थाको प्रतिबद्धता पत्र।

८. विगत ३ वर्षभित्र कुनै पनि सरकारी निकाय वा अन्य आयोजनाबाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन २०७७ बमोजिमको अनुदान प्राप्त नगरेको स्वघोषणा तथा सोही विवरण खुलेको स्थानिय तहको सिफारिस पत्र।

९. पशु बिमाको कागजात र किसान सुचिकरण परिचयपत्र पेश गर्नेलाई प्राथमिकता दिईनेछ।

**प्रस्ताव बुझाउने स्थान :**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथर